सुनवल नगरपालिका
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, ५ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

भागः २ खण्डः २ संख्याः ७ १५ पुष २०७५, आइतवार

सुनवल नगरपालिकाको नगरकार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रशासन गरिएको छ ।

सम्वत् २०७५ सालको कार्यविधि नं. ७

## सुनवल नगरपालिका प्रशुती गृह संचालन तथा व्यवस्थापन कार्यविधि २०७५

**प्रस्तावना :** सुनवल नगरपालिकाकामा गर्भवती महिलाहरुलका लागि प्रशुती सेवा लगायत प्रचलित कानुन वमोजिम प्रशुती गृहवाट गर्नुपर्ने सेवा प्रवाह गर्न नगरपालिकाको पहलमा स्थापना भएको सुनवल प्रसुती गृहको संचालन तथा व्यवस्थापन गर्न छुट्टै व्यवस्थापकीय प्रवन्धका साथ उक्त प्रशुती गृहको सेवा प्रभावकारी रुपमा प्रवाह गर्न वान्छनिय भएकोले सुनवल नगरपालिकाको नगर कार्यपालिकाले सुनवल नगरपालिकाको प्रशासकीय कार्यविधि ऐन २०७४ को दफा ४ वमोजिम यो कार्यविधि वनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम सुनवल नगरपालिका प्रसुती गृह संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. प्रशुती गृह भन्नाले सुनवल नगरपालिकाकामा स्थापना भएको सुनवल प्रसुती गृहलाई सम्झनु पर्छ ।

ख. समिति भन्नाले सुनवल प्रसुती गृह संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

ग. नगरपालिका भन्नाले सुनवल नगरपालिकालाई सम्झनु पर्छ ।

घ. कार्यपालिका भन्नाले सुनवल नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

**३. उद्धेश्य :** यस कार्यविधिको उद्धेश्य प्रशुती गृहवाट नेपाल सरकारको प्रचलित कानुन वमोजिम प्रवाह गर्नु पर्ने सेवालाई छिटो, छरितो, पारदर्शी र प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन गर्नु रहेको छ ।

**४. प्रशुती गृहको संचालन तथा व्यवस्थापन समिति :** (१) प्रशुती गृहको संचालन तथा व्यवस्थापन गर्न देहाय वमोजिमको एक सुनवल प्रशुती गृह संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

क. सुनवल नगरपालिकाका प्रमुख - अध्यक्ष

ख. सुनवल नगरपालिकाका उपप्रमुख - उपाध्यक्ष

ग. प्रशुती गृह रहेको वडाका वडा अध्यक्ष - सदस्य

घ. अन्य वडाका वडा अध्यक्ष र कार्यपालिका सदस्यमध्येवाट कार्यपालिकाले मनोनित गरेका कम्तिमा १ जना महिला सहित २ जना - सदस्य

ङ. प्रशुती गृह रहेको क्षेत्रको विद्यालयको प्रमुख (१ जना ) - सदस्य

च. स्थानीय व्यापार संघको प्रतिनिधि (१ जना) - सदस्य

छ. स्वास्थ्य क्षेत्रको जानकार स्थानीय लव्धप्रतिष्ठित व्यक्तिहरु मध्येवाट अध्यक्षवाट मनोनित एक जना महिला सहित २ जना - सदस्य

ज. सुनवल नगरपालिकाका सामाजिक विकास समितिको संयोजक - सदस्य

झ. प्रशुती गृहको प्रमुख - सदस्य

ञ. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ट. नगरपालिकाको स्वास्थ्यसंग सम्वन्धित शाखाका प्रमुख - सदस्य सचिव

(२) समितिको वैठक सम्वन्धि कार्यविधि नेपाल सरकारले स्थानीय स्वास्थ्य संस्था/चौकीको संचालन तथा व्यवस्थापन समितिका लागि निर्धारण गरे वमोजिम हुनेछ ।

५. **समितिको काम कर्तव्य र अधिकार :** दफा ४ वमोजिमको सुनवल प्रशुती गृह संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु नेपाल सरकारले स्थानीय स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिका लागि निर्धारण गरेको काम, कर्तव्य र अधिकारहरुमा आधारित भई  प्रशुती गृहको सेवा छरितो, पारदर्शी  र प्रभावकारी रुपमासंचालन तथा व्यवस्थापनका लागि गर्नु पर्ने विषय क्षेत्रहरु( जस्तै अत्यावश्यक स्वास्थ्य सेवाको व्यवस्थापन तथा सुदृढीकरण, प्रशुती गृहको वित्तीय व्यवस्थापन, कार्यरत कर्मचारीको व्यवस्थापन, आपूर्ति व्यवस्थापन, भौतिक सम्पत्तिको व्यवस्थापन, स्थानीय स्रोत साधनको परिचालन र व्यवस्थापन, स्वास्थ्य सूचना व्यवस्थापन, समन्वय र सहयोग आदि ) हुनेछन ।

६. **प्रशुती गृहको वित्तीय तथा प्रशासनिक कार्यविधि :** (१) प्रशुती गृहको संचालन तथा व्यवस्थापना प्रयोजनका लागि सो प्रशुती गृहको नाममा नगरपालिकाले सिफारिस गरे वमोजिमको वैंकमा एक खाता खोलिनेछ ।

(२) उपदफा १ वमोजिमको खाताको संचालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र नगरपालिकाको अर्थिक प्रशासन शाखाका प्रमुख वा निजले तोकेको लेखासंग सम्वन्धित कर्मचारीको संयुक्त दस्तखतवाट संचालन हुनेछ ।

(३) प्रशुती गृह संचालन तथा व्यवस्थापनका लागि आवश्यक कार्यरत कर्मचारीहरुको व्यवस्थापन तथा परिचालन, लेखा तथा लेखा परीक्षण लगायतका वित्तिय तथा प्रशासनिक कार्यविधि प्रचलित कानुनको अधिनमा रहि नेपाल सरकारले स्थानीय स्वास्थ्य चौकीको लागि निर्धारण गरेको वित्तीय तथा प्रशासनिक कार्यविधिमा आधारित भई प्रशुती गृहको सेवासंग तादात्म्यता हुने गरि संचालन हुनेछ ।

७. **सार्वजनिक परीक्षण गर्नुपर्ने :** प्रशुती गृहले एक आर्थिक वर्षभरि प्रभाह गरेको सेवा लगायत  भए गरेका कार्यहरु उक्त कार्यवाट स्थानीयस्तरको स्वास्थ्य सेवाको सुदृढीकरणमा परेको प्रभावका सम्वन्धमा वडाका सरोकारवालहरुमा माझ आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

८. **प्रचलित कानुन वमोजिम हुने :** प्रचलित कानुनको अधिनमा रहि यस कार्यविधिमा उल्लिखित कुराहरु यसै वमोजिम हुने र अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुनेछ।

९. **वाधा अडकाउ फुकाउने :** यस कार्यविधि कार्यान्वयन तथा प्रशुती गृह संचालन तथा व्यवस्थापनमा कुनै वाधा परेमा नगर कार्यपालिकाले प्रचलित कानुन वमोजिम वाधा अडकाउ फुकाउनेछ।

प्रमाणीकरण मितिः २०७५/०९/१५

आज्ञाले,
**रामलाल श्रेष्ठ**
प्रमुख प्रशासकीय अधिकृत